# प्रदेश सरकार
## आन्तरिक मामिला तथा कानून मन्त्रालय
## प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

**द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने कार्यक्रम सम्बन्धमा दोस्रो पटक प्रकाशित सूचना**

(सूचना प्रकाशित मिति : २०७६ / ०१ / ०९ )

प्रदेश सरकारको आ.व. २०७५।०७६ को नीति कार्यक्रम तथा बजेटमा भएको व्यवस्था बमोजिम लोकतान्त्रिक गणतन्त्र प्राप्तिका आन्दोलनमा बेपत्ता भएका, घाइते तथा अपाङ्ग भएका व्यक्ति तथा द्वन्द्वबाट प्रभावित भएका परिवारलाई शिक्षा, स्वास्थ्य लगायत सीप विकासमा सहयोग गर्नका लागि "द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि, २०७५"अनुसार प्रदेश भित्रका १३ जिल्लाका द्वन्द्व प्रभावित घर परिवारलाई देहाय बमोजिम सहायता गर्ने कार्यक्रम भएकोले द्वन्द्व प्रभावित परिवारका सदस्यले देहाय बमोजिमको कुनै एक शीर्षकमा सहायता प्राप्तीका लागी देहायका विवरण खुलाई सम्बन्धित स्थानीय तहमा रहेको स्थानीय समिति समक्ष कार्यविधिको अनुसूची १ बमोजिमको ढाँचामा मिति २०७६/०१/१५ गते भित्र निवेदन गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**सहायता सम्बन्धी व्यवस्था**

**(१) औषधि उपचार**

निवेदन मागको आधारमा द्वन्द्व प्रभावित परिवारका सदस्यको स्वास्थ्यमा पहुँच पुर्‍याउन अनिवार्य रुपमा स्वास्थ्य बिमा गराईनेछ। स्वास्थ्य बीमाको रकम सहित औषधि उपचारको लागि रु २५,०००।- रकममा नबढने गरी देहाय बमोजिम औषधि उपचार खर्च उपलब्ध गराइनेछ :-

(क) परीक्षण तथा औषधि खर्चको बिल बमोजिमको रकम,

(ख) अस्पतालमा भर्ना भई उपचार गराउदा परीक्षण तथा औषधि खर्चका अतिरिक्त ७ दिनसम्म खाना खर्च बापत विरामी र एकजना कुरुवाका लागि प्रतिव्यक्ति प्रतिदिन रु.४००।— दरले बिल बमोजिमको रकम,

(ग) विशेष अवस्थामा समितिले आवश्यकता र औचित्यताका आधारमा तोकिएको रकममा नबढ्ने गरी थप रकम स्वीकृत गर्न सक्नेछ,

(घ) बिमाले समेट्न नसकेका रोग लागेका विरामीको लागि स्थानीय समितिको निर्णय बमोजिम तोकिएको रकममा नबढने गरी रकम उपलब्ध गराउन सक्नेछ ।

(ङ) औषधि उपचारको लागि सरकारी अस्पताल वा सरकारले निर्देशिकामा तोकेको अस्पताल बाहेक अन्य अस्पतालमा उपचार गराएकोमा रकम उपलब्ध हुने छैन ।

**(२) शिक्षा**

निवेदन मागको आधारमा द्वन्द्व प्रभावित परिवारका एक्काईस वर्ष उमेर सम्मका बढीमा दुई जना छोरा वा छोरीलाई छात्रवृत्तिको लागि दोहोरो नपर्ने गरी प्रतिव्यक्ति देहाय बमोजिमको रकम उपलब्ध गराईनेछः-

(क) माध्यमिक विद्यालय तह रु. १०,०००।—

(ख) दश जोड दुई (१०+२) वा सो सरह रु. १२,०००।

(ग) खण्ड (ख) भन्दा माथिल्लो तहको लागि रु. १२,५००।

तर विदेशमा अध्ययन गर्ने छात्रछात्राका हकमा यस्तो छात्रवृत्ति रकम उपलब्ध गराइने छैन ।

**(३) सीप विकास तालिम**

सीप विकास तालिम का लागि कार्यविधिको मा उल्लेखित कुनै एक विषय छनौट गरी स्थानीय समितिमा निवेदन पेश गर्नु पर्नेछ । सीप विकास तालिम का लागि कार्यविधिको मा उल्लेखित ... प्राप्त निवेदनको मागको आधारमा स्थानीय समितिले विवरण मन्त्रालय समक्ष पठाउनु पर्नेछ ।स्थानीय समितिवाट प्राप्त तालिमको प्राप्त निवेदनको मागको आधारमा मन्त्रालयले सरकारी, अर्धसरकारी तथा निजी तालिम प्रदायक संस्थासँग तोकिएको बजेटको परिधि भित्र रहेर मागको आधारमा मन्त्रालयले सरकारी, अर्धसरकारी तथा निजी तालिम प्रदायक संस्थासँग तोकिएको बजेटको परिधि भित्र रहेर तालिम संचालनको लागि समन्वय र व्यवस्थापन गर्नेछ ।

**(४) निवेदकले निवेदनका साथ देहायका कागजात संलग्न गर्नु पर्नेछः-**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) राजनैतिक आन्दोलन (सशस्त्र संघर्ष) का क्रममा शहिद भएका परिवार, बेपत्ता भएका परिवार एवं घाइते तथा अपाङ्गता भएका व्यक्ति तथा परिवार एवं द्वन्द्व पीडितका परिवारलाई आधिकारिक निकायबाट जारी भएको परिचयपत्र,

(ग) आफूले चाहेको सहयोगको विवरण सहितको निवेदन,

(घ) अस्पतालको प्रेश्कृप्सन र औषधि खरिद गरेको सक्कल बिल (औषधि उपचारको हकमा),

(ङ) शैक्षिक संस्थामा अध्ययन गरिरहेको प्रमाण (छात्रवृत्तिको लागि),

(च) अन्य निकायबाट छात्रवृत्ति नलिएको सम्बन्धित निकायको पत्र ।

थप जानकारीको लागी
website:-www.moial.p3.gov.np फोन न ०५७- ५२२८४१, ०५७-५२७५१३, ०५७-५२७५१४

# बेलकोटगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नुवाकोट
३ नं.प्रदेश नेपाल

प. सं. : २०७५।७६
च. नं. ९८८

मिति : २०७६/०१/११

श्री सबै नं. वडा कार्यालय
बेलकोटगढी नगरपालिका।

**विषय: द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने कार्यक्रम सम्बन्धी सूचना पठाइएको बारे।**

प्रस्तुत विषयमा आन्तरिक मामिला तथा कानुन मन्त्रालय प्रदेश नं. ३ को प.सं. ६८७ मिति २०७६/०१/१० को प्राप्त पत्र, संलग्न सूचना र अनुसूचीको ढांचा पठाइएको छ। संलग्न पत्र वमोजिमको द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने कार्यक्रम सम्बन्धी आवश्यक कार्यार्थको लागि अनुरोध छ ।

१।११

शिव प्रसाद लम्साल
प्रमुख प्रशासकीय अधिकृत

शिव प्रसाद लम्साल
प्रमुख प्रशासकीय अधिकृत

फोन नं ०५७ ५२२८४१
फ्याक्स नं ०५७ ५२७५१५
इमेल moial.p3@gmail.co

प्रदेश सरकार
# आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं ३
हेटौडा, मकवानपुर, नेपाल

प.स. ०७५।०७६
च.नं. ६८८

मितिः २०७६।०१।१०

विषयः- द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने कार्यक्रम सम्बन्धी सूचना सम्बन्धमा ।

श्री स्थानीय तह सवै
प्रदेश न ३

उपरोक्त सम्वन्धमा यस मन्त्रालयद्वारा प्रकाशित द्वन्द्व परिवारलाई सहायता गर्ने कार्यक्रम सम्वन्धी मिति २०७५।१२।१९ मा पहिलो पटक प्रकाशित सूचनाको म्याद २०७६।०१।१५ सम्म थप भएको हुदाँ सोही अनुसार को सूचना यसै पत्र साथ संलग्न गरी पठाइएको छ । तहाँ कार्यालयको सूचना पाटी, वेवसाइट, वडा कार्यालय लगायतमा टाँस गरी कार्यान्वयन गर्नु हुन आदेशानुसार अनुरोध छ ।

पेसल कुमार पोखरेल
अधिकृत सातौं

अनुसूची - १

दफा ४ को उपदफा (१) संग सम्बन्धित

<u>निवेदनको ढाँचा</u>

| |
|---|
| पासपोर्ट साइजको फोटो |

मिति :

विषय :सहयोग रकम पाउँ ।

श्री संयोजकज्यू,
स्थानीय समिति, ------------------------ ।

म राजनैतिक आन्दोलनमा बेपत्ता परिवार /घाइते /अपाङ्गता भएका व्यक्ति /द्वन्द्व पीडित परिवार भएकाले **द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि, २०७५** को दफा ४ (१) (क),दफा ४ (१) (ख) र दफा ४ (१) (ग) बमोजिमको औषधि उपचार, शिक्षा, सीप विकास कार्य सञ्चालनको लागि निम्न लिखित कागजात संलग्न गरी सहयोग रकम उपलब्ध गराई दिनुहुन निवेदन गर्दछु ।

संलग्न कागजात (सम्लग्न रहेको रेजा लगाउने)

१.नेपाली नागरिकताको प्रतिलिपि
२.द्वन्द्व प्रभावित परिवार भनी आधिकारीक निकायबाट जारी भएको परिचय पत्र
३. हालसालै खिचेको २ प्रति फोटो
४. अस्पतालको प्रेश्कृप्सन र औषधि खरिद गरेको सक्कल विल (औषधि उपचारको हकमा)
६. शैक्षिक संस्थामा अध्ययन गरिरहेको प्रमाण (छात्रवृत्तिको लागि)
७. अन्य निकायबाट छात्रवृत्ति नलिएको सम्बन्धित निकायको पत्र

निवेदकको
नाम थर:
ठेगाना:
दस्तखत:
मिति:

अनुसूची - २

दफा ३ को उपदफा (४) संग सम्बन्धित

## द्वन्द्व प्रभावित परिवारका छोरा/छोरीलाई छात्रवृत्ति प्रदान गर्न रकम मागको सिफारिस गर्दा प्रयोग गर्ने नमुना फाराम

| सि.नं. | पीडित परिवारको नाम | आर्थिक सहायता पाएको मिति | छोरा/छोरीको नाम थर | उमेर (वर्ष) | कक्षा/तह | शिक्षण संस्थाको नाम | शिक्षण संस्थाको ठेगाना | सिफारिस गरिएको रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |

.................................

संयोजक

स्थानीय समिति

अनुसूची - ३

दफा ३ को उपदफा (५) संग सम्बन्धित

सीप विकास तालिमका विषयहरुको विवरण

कुनै एक शीर्षकमा रेजा लगाउने

१. मोबाइल मर्मत
२. इलेक्ट्रोनिक तालिम
३. प्लम्बीङ्ग तालिम
४. हाउस वाइरिङ्ग
५. भेटनरी तालिम
६. सैलुन
७. Hospitality सम्बन्धी (कुक, वेटर, हाउसकिपिङ्ग लगायत)
८. ड्राइभिङ्ग (हलुका सवारी , हेभी र मेशीनरी)
९. ब्युटी पार्लर
१०. हेन्डीक्राफ्ट सम्बन्धी तालिम (बाँसवाट सामान बनाउने, गुडीया बनाउने र नेपाली कागज बनाउने लगायत)
११. सिलाई कटाई तालिम